# सच्याइएको सम्वन्धमा

मिति :२०८०।१०।२१ को गोरखापत्रमा "पाठ्यपुस्तक बिक्रीवितरण गर्न इच्छुक वितरकहरुलाई सुचीकरण तथा नवीकरणका लागि जारी गरिएको सूचना" मा निम्नानुसार हुने गरी सच्याइएको व्यहोरा सम्वन्धित सबैमा जानकारीका लागि अनुरोध छ ।

- बुँदा नं. (घ) को प्रादेशिक कार्यालय, सुर्खेत अन्तर्गत जुम्ला जिल्ला छुट्न गएकोले समावेश गरिएको ।
- नवीकरण वा सूचीकृत हुन फारामसाथ बुझाउनु पर्ने दस्तुर रु. ३००।- कायम गरिएको ।

## पाठ्यपुस्तक विक्रीवितरण गर्न इच्छुक वितरकहरुलाई सूचीकरण तथा नवकिरणका लागि जारी गरिएको सूचना

(सूचना प्रकाशित मिति :२०८०।१०।२१)

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड पाठ्यपुस्तक तथा शैक्षिक सामग्री विक्रीवितरण निर्देशिका, २०७० बमोजिम जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले उत्पादन गरेको कक्षा १ देखि १२ सम्मका पाठ्यपुस्तक तथा अन्य पाठ्यसामाग्री शैक्षिकसत्र २०८१का लागि निजी क्षेत्रका वितरकहरुवाट विक्रीवितरण गराउने प्रयोजनार्थ इच्छुक वितरकहरुलाई नविकरण तथा सूचिकृत हुनका लागि सम्पर्क गर्न यो सूचना प्रकाशित गरिएको छ । सुचिकृत हुन चाहने इच्छुक वितरकले आफ्नो प्रो-फाइल सहित यस केन्द्रबाट तोकिएको ढाँचामा यो सूचना प्रकाशित भएको मितिदेखि यस केन्द्रको केन्द्रीय कार्यालय, सानोठिमी भक्तपुर वा केन्द्रका सम्बन्धित प्रादेशिक कार्यालयहरुमा आइपुग्ने गरी रु.१०।- को टिकट टाँसी निवेदन पेश गर्नुपर्नेछ । सूचिकृत हुन आवश्यक फाराम यस केन्द्र तथा प्रादेशिक कार्यालय वा केन्द्रको वेवसाइट www.janakedu.org.np बाट प्राप्त गर्न सकिनेछ । फाराम बुझाउँदा रु.१०००।-(अक्षेरेपी एकहजार मात्र) दस्तुर बुझाउनु पर्नेछ । यस सम्बन्धी पुर्ण: विवरण सहितको सूचना केन्द्रको वेवसाइट र केन्द्र तथा प्रादेशिक कार्यालयहरुको सूचना पाटीमा समेत हेर्न सकिने छ ।

(क) नविरणका लागि संलग्न हुनपर्ने कागाजातहरुको विवरण:

१. संस्था, फर्म वा कम्पनी दर्ता नविकरणको प्रतिलिपि ।

२. आ.व.२०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी वा आयविवरण पेश गरेको प्रमाणको प्रतिलिपि

३. विक्रेता नियुक्तिपत्रको प्रतिलिपी ।

(ख) सूचिकृत हुनका लागि संलग्न हुन पर्ने कागजातको विवरण:

१. संस्था, फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी र तिनका नविकरणको प्रतिलिपी ।

२. आयकर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्रको प्रतिलिपी ।

३. पाठ्यपुस्तक तथा शैक्षिक सामग्रीको विक्रीवितरण गरिने जिल्ला तथा पालिकाको विवरण ।

४. पछिल्लो आ.व.को कर दाखिला वा कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपी ।

(ग) निजी वितरकबाट पेश हुने कागजातहरुको आधारमा मूल्याङ्कन गरी वितरकको सूचीमा समावेश गरिनेछ । यस सूचनामा नपरेका कुराहरु पाठ्यपुस्तक तथा शैक्षिक सामग्री विक्री वितरण निर्देशिका २०७० (छैठौ संशोधन, २०७९) रप्रचलित ऐन नियमानुसार हुनेछ ।

(घ) विक्रेताले पाठ्यपुस्तक विक्री वितरण गर्न आफुले चाहेको जिल्लाका लागि निम्नानुसार कार्यालयहरुमा सम्पर्क गरी केन्द्रले उपलब्ध गराएको विक्रेता नविकरण वा सूचिकृत हुनका लागि निवेदन पेश गर्नु पर्नेछ ।

| | |
|---|---|
| केन्द्रीय कार्यालय, सानोठिमी,भक्तपुरवाट | काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक,सिन्धुपाल्चोक, रामेछाप, दोलखा, सोलुखुम्बु, धादिङ्ग, रसुवा र नुवाकोट । |
| प्रादेशिक कार्यालय,विराटनगरबाट | मोरङ्ग,सुनसरी,धनकुटा,तेह्रथुम,संखवासभा,भोजपुर,झापा, इलाम,ताप्लेजुङ्ग र पाँचथर । |
| प्रादेशिक कार्यालय, जनकपुरबाट | धनुषा,महोत्तरी,सर्लाही,सिन्धुली,सिराहा, सप्तरी,उदयपुर, ओखलढुङ्गा र खोटाङ्ग । |
| प्रादेशिक कार्यालय,भरतपुरबाट | चितवन,मकवानपुर,पर्सा, रौतहट,बारा र पूर्व नवलपरासी । |
| प्रादेशिक कार्यालय,पोखराबाट | कास्की,तनहुँ,लमजुङ्ग, गोरखा, पर्वत,बागलुङ्ग,म्याग्दी,स्याङ्जा,मुस्ताङ्ग र मनाङ्ग । |
| प्रादेशिक कार्यालय, नेपालगन्जबाट | बाँके, बर्दिया, दाङ्ग, पूर्व रुकुम,पश्चिम रुकुम,रोल्पा,सल्यान, हुम्ला र डोल्पा । |
| प्रादेशिक कार्यालय, धनगढीबाट | कैलाली,बैतडी,बाजुरा,डडेलधुरा,बझाङ्ग,दार्चुला,डोटी,कञ्चनपुर र अछाम । |
| प्रादेशिक कार्यालय, बुटवलबाट | पश्चिम नवलपरासी,रुपन्देही,कपिलवस्तु,अर्घाखाँची,गुल्मी, पाल्या र प्यूठान । |
| प्रादेशिक कार्यालय, सुर्खेतबाट | जाजरकोट,सुर्खेत,दैलेख,मुगु,कालिकोट,हुम्ला र डोल्पा । |

(ङ) माथि बुदाँ नं. (घ) मा उल्लेखित कार्यलयहरु अन्तर्गतका जिल्लाका कुनै पालिकामा पाठ्यपुस्तकहरु ढुवानी सहजताको कारण तोकिएको बाहेक अन्य कार्यालयमा विक्रेता नविकरण वा सूचीकृत हुन पाइनेछ । यसरी नविकरण वा सूचिकृत भएका विक्रेताले जुन कार्यालयमा नविकरण वा सूचीकृत भएको हो सोही कार्यालयमा पाठ्यपुस्तक विक्री वापतको थप व्यापरिक छुट दावी गर्नुपर्नेछ ।

(च) थप व्यापारिक छुट दाबी गर्ने प्रयोजनार्थ नविकरण गरेका तथा सूचिकृत भएका विक्रेताले अनुसुचि ६ का हिमाली जिल्लाहरुमा कम्तीमा रु.एकलाख र अन्य जिल्लाहरुमा कम्तीमा रु.तीन लाख बराबरको पाठ्यपुस्तक खरिद गर्नुपर्नेछ ।

(छ) नविकरण वा सुचिकृत भएका फर्म वा कम्पनी वा संस्थाले आफुले कवोल गरेको जिल्ला तथा पालिकामा पाठ्यपुस्तक विक्री वितरण गर्नुपर्नेछ ।

(ज) सम्झौता नगरेका सूचिकृत विक्रेताहरुले सम्झौता गरी विक्रेताले केन्द्र र विक्रेता विच भएको सम्झौताको परिपालना गर्नुपर्नेछ ।

(झ)प्राप्त निवेदन स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस केन्द्रमा सुरक्षित रहने छ ।

(ञ) यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस केन्द्रको बजार व्यवस्था विभाग र प्रादेशिक कार्यालयहरुमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

थप जानकारीको लागि फोन नं. ०१-६६३०७८६, ०१-६६३०७८७, ०१-६६३०१६३, ०१-६६३०७९६,.०१-६६३०१४०, वेवसाइट www.janakedu.org.np
विराटनगर ०२१-४७२३६६ जनकपुर ०४१-५२३३२६ भरतपुर ०५६-५९०३२१,पोखरा ०६१-५७०३२२, नेपालगंज ०८१-४१५१४५,बुटवल ०७५-५५०६४२,धनगढी०९१-४१६४०३,सुर्खेत ०८३-५२४६३०

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानोठिमी, भक्तपुर

जनक शिक्षा सामग्री केन्द्र लि.<br>
केन्द्रीय कार्यालय<br>
सानोठिमी, भक्तपुर

अनुसूची- १

श्रीमान् प्रवन्ध सञ्चालकज्यू,
जनक शिक्षा सामग्री केन्द्र लि.
सानोठिमी, भक्तपर ।

विषयः बिक्रेता नविकरण/सुचिकृत हुनका लागि निवेदन ।

महोदय,

जनक शिक्षा सामग्री केन्द्र लि. को ...............................मा मितिः ............................... मा प्रकाशित सूचना अनुसार बिक्रेताका रुपमा नविकरण/सचिकृत भई काम गर्न तपसिलबमोजिमको व्यहोरा उल्लेख गरी यो आवेदन पत्र दिएको छु/छौं ।

<u>तपसिल</u>

१. आवेदक
  (क) फर्म, संस्था वा कम्पनीको पुरा नामः- ..........................................................................
  (ख) फर्म भए रजिष्ट्रेसन भएको मिति र नम्वरः- ...........................................................
  (ग) स्थायी लेखा /मू. अ. कर नम्वर र मितिः- ...................................................................
  (घ) फर्म, संस्था वा कम्पनीको मुख्य कार्यालय रहेको स्थानः- ..........................................
  (ङ) पाठ्यपुस्तक बिक्रीको अनुभव भएको/नभएकोः- ...........................................
२. फर्म, संस्था वा कम्पनीको किसिमः- .............................................
३. पाठ्यपुस्तक बिक्रीवितरण गर्न चाहेका जिल्ला/जिल्लाहरुः- ................................................
  तथा पालिकाहरुः- .......................................................

<u>**भवदीय,**</u>

आवेदकको सहिः- ..............................................

पुरा नाम थरः- ..............................................

ठेगानाः- ..............................................

फोन नं.:-........................ मोवाइल नं.:- ......................इमेलः- ..............................

मितिः-....................